# लोक सेवा आयोग
## नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित द्वितीय श्रेणी,
## उपसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/०१/३०

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा सम्बन्धी

**तलका प्रत्येक प्रश्नको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. देवानी कार्यविधि कानूनलाई एकीकरण, सरलीकरण र आधुनिकीकरण गरी अन्तर्राष्ट्रियस्तरको बनाई न्यायिक प्रक्रियालाई सरल, छिटोछरितो, कम खर्चिलो, पारदर्शी र विश्वासिलो बनाउने क्रममा अन्तर्राष्ट्रियरूपमा विकसित देवानी कार्यविधि कानूनका आधुनिक सिद्धान्तहरूलाई आत्मसात गर्ने क्रममा प्रतिदावी (Counter claim) सम्बन्धी नयाँ अवधारणालाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले समेटेको छ। उक्त संहिता लागू भएको सात वर्ष पूरा भइसक्दा पनि प्रतिदावीसम्बन्धी उक्त व्यवस्थाको प्रयोग साह्रै कम मात्रामा हुने गरेको अभ्यासबाट देखिन आएको छ। उक्त व्यवस्थाको सही प्रयोग र कार्यान्वयनका सम्बन्धमा विवेचनासहित व्यावहारिक रणनीति र कार्यनीतिहरू प्रस्तुत गर्नुहोस्। ७+८=१५

२. नेपालको संविधान जनताद्वारा निर्वाचित संविधानसभाद्वारा निर्माण गरिएको हो। यस संविधानले अवलम्बन गरेका मूल्य मान्यताहरूलाई राज्य सञ्चालनको क्रममा मूल आधारको रूपमा लिइनुपर्ने हुन्छ। संविधानको प्रस्तावनामा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालाई आत्मसात गरेको समेत देखिन्छ। यसैगरी Zen-Z युवाहरूको आह्वानमा भएको प्रदर्शन पश्चात् देशमा संसद विघटन र सरकार परिवर्तनसमेत भएको थियो। नेपालको संविधानले संसद विघटनको परिकल्पना गरेको देखिँदैन। तत्कालीन अवस्थाको विश्लेषण गर्दा देशमा शान्ति सुरक्षा तथा अमन चयन कायम गर्नुपर्ने प्राथमिक दायित्वभित्र परेको देखिन्थ्यो। यस अवस्थामा संसद विघटन र अन्तरिम सरकार गठनको विषयलाई देशको तत्कालीन विषम् परिस्थितिको उपजको रूपमा लिनुपर्ने अवस्था एकातिर छ भने उक्त कुराको संवैधानिकता परीक्षण गर्दा सो कुरालाई संविधानवादको मूल्य मान्यताको अपवादात्मक अवस्था मान्न मिल्छ वा मिल्दैन? देशको तत्कालीन आवश्यकता, संविधानवाद, स्वतन्त्र न्यायपालिका र कानूनको शासनको आलोकमा विश्लेषणात्मक जवाफ प्रस्तुत गर्नुहोस्। २०

३. मुद्दामा सुनुवाईको क्रममा गरिने प्रारम्भिक सुनुवाईको सैद्धान्तिक अवधारणासहित मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा रहेका प्रारम्भिक सुनुवाईसम्बन्धी व्यवस्थाहरूको विवेचना गर्दै तिनको प्रयोग र कार्यान्वयनमा देखिएका व्यवहारिक समस्याहरू र समाधानका उपायहरूबारे उल्लेख गर्नुहोस्। यस सम्बन्धमा नेपालको सर्वोच्च अदालतबाट कुनै कानूनी सिद्धान्त प्रतिपादन भएका भए सो समेतको आधारमा विश्लेषण गर्नुहोस्।. ६+८+६=२०

४. मानव अधिकार र मौलिक अधिकारमा के भिन्नता रहको छ? के मानव अधिकारको विश्वव्यापी र सार्वभौम परिभाषा सम्भव छ? तर्कहरू प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights, 1948) को के-कस्तो स्थान रहेको छ? चर्चा गर्नुहोस्। साथै संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूमा यसको बाध्यात्मक कार्यान्वयन हुन सक्छ वा सक्दैन? घोषणापत्रमा उल्लिखित अधिकारहरूलाई नेपालको सर्वोच्च अदालतले के कसरी व्याख्या गरेको छ। यस सन्दर्भमा प्रतिपादित नजिर सिद्धान्तसमेतका आधारमा विश्लेषण गर्नुहोस्। ५+५+५+५=२०

५. भ्रष्टाचारले कानूनको शासन, मानव अधिकार, स्वच्छ सुनुवाई र न्याय लगायतका विविध क्षेत्रमा प्रत्यक्ष असर पुग्दछ। भ्रष्टाचारका कारण स्वच्छ न्याय र नागरिकको न्याय पाउने हकसमेत कुण्ठित हुन्छ। भ्रष्टाचारबाट समकालीन विश्वका थुप्रै मुलुकहरू आक्रान्त छन्। नेपाल पनि भ्रष्टाचारको चपेटामा परिरहेको विभिन्न प्रतिवेदनहरूले उजागर गरेको पाइन्छ। अदालतबाट आफैंले अध्ययन गरी तयार गरिएका अध्ययन प्रतिवेदनहरूसमेतले अदालतमा पनि विकृति र विसंगति रहेको भनी औंल्याएको अवस्था छ। नेपालमा भ्रष्टाचार निवारण ऐन, २०५९, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६४ र न्याय परिषद् ऐन, २०७३ लगायतका कानूनी संयन्त्र र थुप्रै संरचनागत संयन्त्रहरूको प्रबन्धसमेत गरिएका छन्।

यस सन्दर्भमा कानूनी, संरचनागत र नीतिगत लगायत भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रबन्ध र प्रयासहरू भएतापनि भ्रष्टाचार नियन्त्रण हुन नसक्नुका कारणहरू के-के हुन्? पहिचान गरी प्रभावकारीरूपमा भ्रष्टाचार नियन्त्रण गर्न चाल्नुपर्ने उपायहरू सुझाउनुहोस् । साथै, अदालतमा विकृतिहरू छन् भन्ने गुनासाहरूमा तपाईं सहमत हुनुहुन्छ? समालोचनात्मकरूपमा विश्लेषण गर्नुहोस् । मानौं, तपाईंले कुनै जिल्ला अदालतको स्रेस्तेदारको रूपमा कार्य गर्न जिम्मेवारी पाउनु भएमा सो अदालतमा रहेको विकृति नियन्त्रणमा के-कस्ता उपायहरू अवलम्बन गर्नुहुन्छ? स्पष्ट पार्नुहोस् । ५+५+७+८=२५

<<समाप्त>>